यस नगरपालिका भित्र कार्यरत सम्पुर्ण कर्मचारी हरुको अनिवार्य रुपमा PPAN दर्ता गर्नुपर्नेछ।

### वित्तीय जोखिम न्यूनीकरण

आर्थिक दायित्व सिर्जना हुने विषयमा कुनै पनि निर्णय गर्दा स्रोतको सुनिश्चितता कायम गरेर मात्र गरिनेछ।

नगरपालिका मातहतका कार्यालयहरु सकेसम्म व्यापारिक क्षेत्र र प्रमुख मार्गमा घर बहालमा नलिई न्यूनतम आवश्यकता र सुविधा भएको घर बहालमा लिने व्यवस्था गरिनेछ।

### सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण

स्थानीय तह र नागरिकहरुका बीचमा दोहोरो संवाद स्थापित गर्न र त्यस्तो संवादबाट जनतालाई देश विकासको प्रक्रियामा रचनात्मक प्रतिनिधित्व गराई पारदर्शिताको माध्यमद्वारा स्थानीय तहको विकास निर्माण कार्य र सेवा प्रवाहलाई गुणस्तरीय र प्रभावकारी बनाई जिम्मेवारीको संस्कार बसाउन सार्वजनिक सुनुवाईको कार्यलाई व्यवस्थित गरिनेछ।

सार्वजनिक सुनुवाईका लागि सहजकर्ताको प्रबन्ध र बजेट व्यवस्था गरिनेछ।

### आन्तरिक लेखा परीक्षण तथा आन्तरीक नियन्त्रण प्रणाली

आन्तरिक लेखा परीक्षणको माध्यमबाट बुढिगंगा नगरपालिकाको आर्थिक प्रशासन सम्बन्धी कानूनी व्यवस्था एवम् कार्यविधिहरु पालना गरी गराई वित्तीय अनुशासन कायम गरिनेछ।

आन्तरिक लेखापरीक्षण इकाईलाई अविलम्ब गठन गरी बुढिगंगा नगरपालिकाबाट निर्दिष्ट उद्देश्य हासिल गर्न गरिएको लगानी नियमित, मितव्ययी र प्रभावकारी बनाउने कार्यको थालनी गरिनेछ।

बुढिगंगा नगरपालिकाबाट गरिने आम्दानी तथा खर्च र त्यसको लेखाङ्कन प्रचलित कानूनद्वारा निर्दिष्ट प्रक्रिया अनुरुप भए वा नभएको परीक्षण गरी वित्तीय पारदर्शीता र जवाफदेहिता कायम गरिनेछ।

आन्तरिक लेखापरीक्षण सम्बन्धी सुधारका विषयवस्तुहरुलाई प्रभावकारी पार्न नीतिगत पृष्ठपोषण प्राप्त गर्ने संयन्त्रको विकास गरिनेछ।

महालेखा परीक्षकबाट हुने अन्तिम लेखा परीक्षणलाई सहयोग पुऱ्याइनेछ।

### अन्तिम लेखा परीक्षण

बुढिगंगा नगरपालिकाको विभिन्न शीर्षकमा विनियोजन भई एक आ.व. को समाप्त भइसकेपछि गरेका खर्चहरुको सम्पूर्ण फाँटबारीहरुलाई महालेखा परीक्षकको कार्यालयको स्थलगत डोर समक्ष आर्थिक ऐन, नियम, कार्यविधि एवम् औचित्य समेतको आधारमा अन्तिम लेखा परीक्षण गरिनेछ।

216. अन्तिम लेखापरीक्षणका क्रममा औल्याइएका त्रुटी, कमजोरीहरु सम्बन्धित कार्यालयसँग सम्पर्क गरी तत्काल प्रमाण मगाई बेरुजु फछ्यौंट गरिनेछ।

### बेरुजु फछ्यौट

217. अन्तिम लेखापरीक्षणबाट औल्याइएका बेरुजुहरुको अद्यावधिक लगत कायम गरिनेछ।

218. भएको बेरुजु फछ्यौंटको लागि मातहतका कार्यालयहरु, समितिहरु तथा व्यक्तिहरुलाई ताकेता गरी प्रमाणहरु समपरीक्षणको लागि महालेखा परीक्षकको कार्यालयमा लेखापढी गराइनेछ।

219. महालेखा परीक्षकको विभागबाट बेरुजुको लगत कट्टा भई आएपश्चात सम्बन्धित कार्यालयहरु, समितिहरु तथा व्यक्तिहरुलाई बेरुजु लगत कट्टाको जानकारी गराइनेछ।

220. बुढिगंगा नगरपालिकाको आर्थिक सुशासन कायम राख्न बेरुजु फछ्यौंट समिति गठन गरी महालेखा परीक्षकको कार्यालयबाट अन्तिम लेखा परीक्षणका क्रममा देखिएका बेरुजुहरुलाई फछ्यौंट गर्ने अभियान सञ्चालन गरिनेछ।

### सूचना तथा सञ्चार व्यवस्थापन

221. नगरपालिका अन्तर सञ्चारलाई प्रभावकारी तुल्याउन ईन्टरनेट प्रविधिको प्रयोग र विस्तार गरिनेछ।

222. सञ्चारको माध्यमलाई व्यवस्थापन गर्न, सूचना प्रवाह गर्न यस नगरपालिकाको वेबसाइटलाई चुस्त दुरुस्त बनाईनेछ।

223. विकास निर्माणका सम्पूर्ण गतिबिधिहरुलाई रेडियो तथा पत्रपत्रिका मार्फत प्रचार प्रसार एवं जानकारी गराइनेछ।

224. टेलिभिजन, टेलिफोन तथा ईन्टरनेट सेवाको पहुँच र गुणस्तर अभिबृद्धिका लागि आवश्यक पूर्वाधार निर्माण गर्न नेपाल टेलिकम, एनसेल र नेपाल टेलिभिजन लगायतका कम्पनीहरुमा बिषेश पहल गरिनेछ।

225. अभिलेख ब्यवस्थापनमा नवीनतम सूचना प्रविधिको प्रयोग गरिनेछ।

### संस्थागत विकास तथा सेवा प्रवाह

#### मानव संशाधन विकास

226. बुढिगंगा नगरपालिकामा रहेको जनशक्तिको पहिचान गरी गैरसरकारी संस्थाहरुले कुनै पनि कार्यक्रमको लागि जनशक्ति छनौट गर्दा समावेशीताको सिद्दान्त, सहायता मिलान (Aid Harmonization) को सिद्दान्त अवलम्बन गर्ने नीति लिइनेछ।

227. नगरपालिका स्थित सार्वजनिक निकायहरुबाट सम्पादन हुने सेवा प्रवाह तथा काम कारवाहीको उचित मूल्याङ्कन गरी पुरस्कार र दण्ड (reward and punishment) को व्यवस्था गरिनेछ।